**नेपाल-भारत उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री सुनिल केसी**
**स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इपान)को सल्लाहकारमा नियुक्त हुनुभएको सम्बन्धमा**
**नेपाल-भारत उद्योग वाणिज्य संघको**

## बिज्ञप्ति

यस नेपाल-भारत उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री सुनिल केसी स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इपान)को सल्लाहकारमा नियुक्त हुनुभएकोछ । २०८० जेठ ३२ गते बिहीबारका दिन सम्पन्न २१औं बार्षिक साधारणसभाबाट श्री गणेश कार्कीको नेतृत्वमा निर्वाचित नयां कार्यसमितिको २०८० असार १ गते बसेको कार्यसमिति बैठकले श्री केसीलाई इपानको सल्लाहकारमा नियुक्त गरेको हो ।

एशियन ईन्स्टिच्यूट अफ डिप्लोमेसी एण्ड ईन्टरनेशनल अफेयर्स (एआईडिआईए)का संस्थापक समेत रहेको श्री केसी सन् २०१५ देखी निरन्तर नेपालको कूटनीति, बिदेशी लगानी, नेपाल-भारत तथा बङ्गलादेशबीच त्रिपक्षीय ब्यापार तथा उर्जा ब्यापार, एवं नेपालको समग्र आर्थिक बिकासको बिषयमा बिभिन्न समयमा बिभिन्न पत्र पत्रिका तथा अन्य संचार माध्यमहरुमा लेखहरु प्रकाशित गर्दै उर्जा बिकासको क्षेत्रमा अपनाउनुपर्ने नीति लगायत बिषयहरुमा आफ्नो योगदान दिंदै आउनुभएका ब्यबसायी हुनुहुन्छ ।

नेपालको द्रुत आर्थिक बिकासको लक्ष्य हासिल गर्नको लागी नेपालको भरपर्दो क्षेत्रको रुपमा रहेको जलबिद्युत क्षेत्र र यसका परियोजनाहरुमा बिदेशी लगानी अझ बिशेष गरी भारतीय लगानी आकर्षित गर्न नेपाल-भारत उद्योग वाणिज्य संघ र इपानको संयुक्त सहकार्य आगामी दिनमा फलदायी हुनेछ भन्ने बिश्वास यस संघको रहेकोछ ।

नेपालको जलबिद्युत क्षेत्रको बिकास तथा बिद्युतको ब्यापारको लागी भारत सबैभन्दा उपयुक्त र सहज बजार रहेको तथा हालै सम्पन्न नेपालका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणमा पनि सम्माननीय भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालबाट १०,००० मेगावाट बिद्युत खरिद गर्ने जुन प्रतिबद्धता ब्यक्त भएकोछ त्यसै सन्दर्भमा पनि भारतीय लगानी नेपाली जलबिद्युत उर्जा क्षेत्रको बिकासका लागी महत्वपूर्ण रहने हुनाले नेपाल-भारत उद्योग वाणिज्य संघ र इपानबीचको सहकार्यबाट नेपालको जलबिद्युत क्षेत्रमा ठोस योगदान पुग्ने बिश्वास गर्दै इपानको नव निर्वाचित कार्यसमितिका सदस्यहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको लागी यस संघ हार्दिक शुभकामना ब्यक्त गर्दछ ।

मार्शल राठौर
उपनिर्देशक
नेपाल-भारत उद्योग वाणिज्य संघ
एस अपार्टमेण्टस्, नारायणचौर, नक्साल, काठमाडौं ।
मितिः २०८० असार ०५ गते मंगलवार ।